# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा राष्ट्रिय वाणिज्य बैंक लि., हार्थोक शाखाको उद्घाटन




गभर्नर डा. चिरंजीबि नेपालद्वारा पुनस्थापित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको हार्थोक, पाल्पा शाखाको मिति २०७३।४।२९ का दिन उद्घाटन गर्नुभयो ।

सो अवसरमा उहाँले ग्रामीण क्षेत्रमा बैकिङ्ग सेवाको विस्तारले स्थानीय उद्योगधन्दा, व्यवसायको विस्तार हुने र आर्थिक उन्नतिको ढोका खुल्ने बताउनु हुँदै यसबाट कृषिमा व्यवसायिकता ल्याउन समेत मद्दत पुग्ने विचार व्यक्त गर्नु भयो । बैंक शाखाको पुनस्थापन पछि निक्षेप एवम् कर्जाको उपयोग मार्फत बैंकको भरपुर उपयोग गर्न स्थानीयलाई सुझाव दिनु भयो । ग्रामीण अर्थतन्त्रको हिस्सा अधिकतम् रहेको हाम्रो जस्तो मुलुकमा कृषि उत्पादनमा वृद्धि ल्याई कृषि उपज आयातको निर्भरता कम गर्दै जानु पर्ने उहाँले बताउनु भयो । कृषि कर्जामा व्याज अनुदान प्रदान गरिएकाले स्थानीय जनतालाई सोको उपयोग गर्न सुझाव दिँदै उहाँले ग्रामीण क्षेत्रले नेपालको शहरी क्षेत्रले गर्ने तरकारी कृषि उपजको माग पुरा गर्नु पर्ने बताउनु भयो । देशको बर्तमान आर्थिक अवस्थाको चर्चा गर्दै उहाँले हाल देशमा विदेशी मुद्राको संचिति उल्लेख्य भएतापनि व्यापारघाटा उच्च रहेको, सरकारको पूँजीगत खर्च कम रहेको एवम् मुद्रास्फीति दर उच्च रहेकोले यस वर्ष यी चुनौतिहरूको सामना गरी उच्च स्तरको आर्थिक वृद्धि हासिल गर्नु पर्ने बताउनु भयो ।

### नेपाल ग्रामीण विकास बैंकको वार्षिकोत्सवको उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले नेपाल ग्रामीण विकास बैंक लिमिटेडको मर्जर पछिको दोस्रो वार्षिकोत्सवको मिति २०७३।४।३० का दिन बुटवलमा समुद्घाटन गर्नु भयो ।



सो अवसरमा गभर्नर डा. नेपालले ग्रामीण विकास बैंकहरूको मर्जर प्रकृया कठिन अवस्थामा पनि सफल भएको र यस कार्यमा योगदान पुऱ्याउने सबै सरोकारवालाहरूको सराहना गर्नु भयो । पछिल्लो २ वर्ष बैंक लगातार नाफामा जानु सन्तोषजनक रहेको बताउँदै विपन्न वर्गका लागि लक्षित गरी खोलिएको बैंक असफल हुन नहुने बताउनु भयो । ग्रामीण क्षेत्रमा बसोवास गर्ने न्यून आय भएका जनताको जीवनस्तर सुधार्न ग्रामीण विकास बैंकको विशेष भूमिका रहेको औंल्याउँदै

उहाँले लघु कर्जामा विशेष योग्यता र क्षमता राख्ने सो वर्गका वित्तीय संस्थाबाट विपन्न वर्गको उत्थानमा विशेष योगदानको अपेक्षा रहेको बताउनु भयो। वित्तीय पहुँच विस्तार मार्फत ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताको व्यवसाय तथा उत्पादनमा वृद्धि हुने बताउँदै उहाँले रेमिट्यान्सको अति निर्भरतामा पनि यसले कम गर्न सघाउ पुऱ्याउने उल्लेख गर्नु भयो । ग्रामीण र दुर्गम स्थानमा स्रोतको कमी रहेको तथा अझै पनि ६० प्रतिशत जनता औपचारिक बैंकिङ्ग सेवाको पहुँच बाहिर रहेको अवस्थामा "घ" वर्गका संस्थाको योगदान महत्वपूर्ण भएको एवम् कर्जाको पहुँच पुऱ्याई सीप र इच्छाशक्ति भएका ग्रामीण जनताको आर्थिक क्रियाकलाप र व्यवसाय विस्तारमा सहयोग पुऱ्याउनु पर्ने बताउनु भयो । तसर्थ ग्रामीण अर्थतन्त्रको रूपान्तरणमा ग्रामीण विकास बैंककै ढाँचामा काम गर्ने संस्थाको उल्लेख्य योगदान हुनु पर्ने र यस्ता संस्थाहरूले केवल नाफालाई एक मात्र लक्ष्यका रूपमा राख्न नहुने बताउनु भयो । हाले "घ" वर्गका संस्थाहरूका लागि ल्याइएको ७ प्रतिशत स्प्रेडको नीतिगत व्यवस्थाले बैंकका ग्राहक र दीर्घकालमा संस्थाको स्थायित्वमा सहयोग पुग्ने विचार व्यक्त गर्नु भयो ।

**२०७३ साउन २९, शनिबार**

**गभर्नरको कार्यालय**